# नेपाली कला साहित्य मञ्च यूके

स्था : २०२३

मिति : २८ जुन २०२३

## प्रेस विज्ञप्ति

नेपाली कला साहित्य मञ्च यूकेले यहि आउँदो मिति ०७ अक्टोबर २०२३ को दिन, शेन्ट साइमन हल आशफोर्ड केन्ट स्थित, "गंगाराज राई एकल साँझ" सांगीतिक कार्यक्रमको भव्य आयोजना गर्ने भएको गायक गंगाराज राई ज्युको प्रशंसकहरू साथै गीत संगीत प्रेमी तमाम बेलायतबासी जनसमुदायहरुमा यसै प्रेस विज्ञप्ति मार्फत सहर्ष जानकारी गराउँछौं। गायक गंगाराज राईज्यु नेपाली गीत संगीत साधनामा निरन्तर साधनारत रहेको दुई दशक पुगेको अवसर पारेर पनि यो कार्यक्रमको आयोजना गर्न लागिएको हो भने यस गंगाराज राई एकल साँझ कार्यक्रम प्रत्यक्ष अर्थात जीवन्त बाद्यबादकहरू सहित हुनेछ। यसैगरी, कार्यक्रमलाई प्रतिष्ठित र गरिमामय बनाउन, सगरमाथा गोर्खा नेपाली कम्युनिटी आशफोर्ड अनि नेपाली कलाकार प्रस्तोता समाज बेलायतसँग सहकार्य गरिने भएको छ।

बेलायतमा बसोबास गर्दै नेपाली कला साहित्यको विविध क्षेत्रमा क्रियाशिल ब्यक्तिहरु र यहि रचनात्मक क्षेत्रलाई प्रेम गर्नेहरु मिलेर एउटा साझा प्लेटफर्म निर्माण गर्ने उदेश्यले नेपाली कला साहित्य मञ्च यूके नामक संस्थाको स्थापना गरिएको हो। यस संस्थाले पहिलो सार्वजनिक कार्यक्रमको रुपमा गएको मिति २८ फेब्रुअरी २०२३ को दिन, सुप्रसिद्ध अभिनेता, निर्देशक तथा गीतकार निर शाह ज्युसँग प्रत्यक्ष अन्तर्क्रिया "निर शाहसँग एक साँझ" कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेको थियो। गैर नाफामूलक यस संस्थाले, सिर्जनशील क्षेत्रका सर्जक, रचनात्मक समिक्षक अनि आम प्रशंसकहरुविचको अन्तरक्रियात्मक सम्बन्धबाट नेपाली कला साहित्यमा निखारता ल्याउने, सर्जकहरुलाई उत्प्रेरित गर्ने साथै उत्कृष्ट सर्जक र सिर्जनाहरुलाई प्रवर्द्धन गर्दै जाने पनि संस्थाको उदेश्य रहेको छ।

यसै सर्जक र वहाँका सिर्जनाहरुलाई प्रवर्द्धन गर्ने संस्थाको उदेश्य अनुसार नै संस्थाले यस पटक गायक गंगाराज राईलाई छनौट गरेको हो। गायक गंगाराज राईको प्यासन/मद (नशा) भनेकै गायन र संगीत साधना हो। गायक गंगाराज राईको, बेलायतमा मात्र नभै विश्वभरका समकालीन गायक तथा संगीतकर्मीहरु साथै प्रशंसकहरु माझ अलग चर्चा हुने गरेको पाईन्छ। निरन्तर नयाँ सिर्जनाहरू पस्कँदै, नवप्रतिभाहरुलाई प्रशिक्षित गर्दै अनि बेलायतमा बसोबास गर्ने नेपाली कलाकारहरुलाई संगठित पार्ने जस्ता कार्यहरुमा गायक गंगाराज राईको उल्लेखनीय योगदान र सक्रियता रहँदै आएको छ।

गायक गंगाराज राई सन २०१० यता सपरिवार बेलायतमा बसोबास गर्दै आउनु भएको छ। पूर्वि नेपालको माँझ किरात भोजपुर जिल्लामा जन्मिनु भएका गायकले वि.सं २०६४ मा, रेडियो नेपालको आधुनिक गीत गायनमा स्वर परिक्षा पास गर्नु भएको थियो भने वि.सं २०५८ सालमा आफ्नै शब्द र संगीतमा रेकर्डेड "माया पायौ कि अरुलाई दियौ" बोलको गीत वहाँको पहिलो रेकर्डेड गीत हो। "कहाँबाट सुनाऊँ म", "दिन छैन तिमीलाई नसम्झेको", "यस्तो एउटा संसार खोज्न", "हिजो थियौ तिमी मेरी" आदि बोलका गीतहरू गायक राईका चर्चित गीतहरू अर्थात श्रोताहरुद्धारा सर्वाधिक रुचाईएका गीतहरु हुन्। भने गायक गंगाराज राईको एक सय भन्दा बढि गीतहरु रेकर्ड भैसकेका छन्।

गंगाराज राई एकल साँझ सांगीतिक कार्यक्रमको जीवन्त बाद्यबादकहरुमा ; प्रसिद्ध संगीतकार गणेश गुरुङ ( हार्मोनियम/किबोर्ड), महेश गुरुङ (तबला), थिर थापा (हार्मोनियम/किबोर्ड), ईन्द्र गुरुङ (बाँसुरी/सेक्सोफोन), रेसम पाचे (ढोलक/मादल), शुरज गुरुङ (लीड गिटार), विकल थापा (रिद्दम गिटार), होइशेर तामाङ (बास गिटार) र प्रभास गुरुङ (ड्रम) रहनु भएको छ।

भनिन्छ, कलाकार राष्ट्र (मानव जाति) का गहना हुन्। यी शीरमा लगाउने गहना हुन पाउमा होईन। अनि कलाकार जन्माउने जिम्मेवारी तपाई हाम्रो पनि हो। तसर्थ यस "गंगाराज राई एकल साँझ" भव्यताका साथ सम्पन्न गर्न, व्यावसायिक फर्महरुले कार्यक्रमको प्रायोजन गरिदिएर सहयोग गरिदिन हुन, तमाम गीत संगीतप्रेमी, शुभेच्छुक तथा प्रशंसकहरुले सबै प्रकारको सहयोग गरिदिएर साथै कार्यक्रममा उपस्थित भैदिएर मनोरञ्जन लिदै, एकल साँझलाई सबैको साँझमा परिणत गर्दै कार्यक्रम सफल पारिदिन हुन हार्दिक अपील गर्दछौं।

डा. अनिल राई
संयोजक